# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नवनियुक्त डेपुटी गभर्नरहरुद्वारा सपथ ग्रहण तथा पदबहाली

नवनियुक्त डेपुटी गभर्नरहरू डा. नीलम ढुङ्गाना तिम्सिना र बम बहादुर मिश्रद्वारा आज पद तथा गोपनियताको शपथग्रहण गर्नुभयो। तत्पश्चात् उहाँहरूले पदबहाली समेत गर्नुभयो।

गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक, बालुवाटारमा आयोजित एक समारोहमा उहाँहरुलाई शपथग्रहण गराउनुभयो। नेपाल सरकार, मन्त्रीपरिषद्को २०७७ फागुन २५ गतेको निर्णय अनुसार उहाँहरू डेपुटी गभर्नर पदमा नियुक्त हुनुभएको हो।



शपथग्रहण समारोहमा सङ्क्षिप्त मन्तव्यको क्रममा नवनियुक्त डेपुटी गभर्नरहरूलाई बधाई ज्ञापन गर्नुहुँदै गभर्नर अधिकारीले दुवै सक्षम कार्यकारी निर्देशकहरू डेपुटी गभर्नरमा नियुक्त हुनुभएकोमा प्रशन्नता व्यक्त गर्दै सफल कार्यकालको शुभकामना दिनुभयो। डेपुटी गभर्नर पद बढी जिम्मेवार रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले तरल राजनैतिक अवस्थामा पनि समयमै नियुक्ती भएकोमा खुसी व्यक्त गर्नुभयो।

दुई जना कार्यकारी निर्देशकहरू डेपुटी गभर्नर नियुक्त हुने कानुनी व्यवस्था अनुसार उहाँहरू नियुक्त हुनुभएको उल्लेख गर्दै उहाँले आगामी दिनमा पनि सामूहिक सहयोगात्मक कार्यप्रणाली कायम रहने विश्वास व्यक्त गर्नुभयो। आफू कार्यमुखी, नतिजामुखी तथा संस्थाको गरिमाप्रति समर्पित रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले सबैको सल्लाह र सुझाव अनुसार अघि बढ्ने कुरा बताउनुभयो।



कार्यक्रममा नवनियुक्त डेपुटी गभर्नर द्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बम बहादुर मिश्रले संस्थाको गरिमामय जिम्मेवारी प्रदान गर्नुभएकोमा संस्था प्रमुख तथा नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्नुहुँदै आफूमा खुसी तथा जिम्मेवारीबोध एकैपटक आएको कुरा अभिव्यक्त गर्नुभयो।

उहाँहरूले संस्थाले परिलक्षित गरेको उद्देश्य हासिल गर्नमा दत्तचित्त भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुहुँदै पहिले जस्तै आगामी दिनमा पनि सबै पक्षबाट सहयोग कायम रहने विश्वास व्यक्त गर्नुभयो।



कार्यक्रममा बरिष्ठ कार्यकारी निर्देशक भुवन कँडेलले स्वागत मन्तव्य राख्नुहुँदै यथासमयमै डेपुटी गभर्नरहरू नियुक्त हुनुभएकोमा प्रसन्नता व्यक्त गर्नु हुँदै सफल कार्यकालको शुभकामना दिनुभयो।

कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष रुद्रप्रसाद तिम्सिना, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंकका कार्यवाहक अध्यक्ष राजनप्रसाद रेग्मी र नेपाल राष्ट्रिय कर्मचारी संघ, नेपाल राष्ट्र बैंकका अध्यक्ष रेशम बल्छौडीले नव नियुक्त डेपुटी गभर्नरहरूलाई बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो।

२०७७ फागुन २६, बुधबार

गभर्नरको कार्यालय